# सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**बड्डाँडा, प्यूठान**
**५ नं. प्रदेश, नेपाल**

## शिलबन्दि दरभाउ पत्र आह्वानको सूचना
**(दोश्रो पटक प्रकाशित मिति २०७६।११।०९ गते)**

सरुमारानी गाउँपालिका अन्तरगत देहाय बमोजिमका खोला तथा नदीहरुबाट तोकिए बमोजिमको दरमा नदिजन्य पदार्थ संकलन गर्न छुट्टा छुट्टै ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले निर्धारित मापदण्ड तथा जिल्ला अनुगमन समन्वय समिति प्यूठानको सिफारिस र राष्ट्रपति चुरे-तराई मधेस सरक्षण विकास समितिबाट मिति २०७६/१०/१६ गतेको प्राप्त सहमति अनुसार आ.व.०७५/०७६ मा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (आई.ई.ई.) प्रतिवेदन तथा आ.व.०७६/०७७ मा उत्खनन् सङ्कलनको लागि तयार गरिएको पुनर्मुल्याङ्कन प्रतिबेदनमा उल्लेखित नियम तथा शर्त बमोजिम नदी जन्य पदार्थको आन्तरिक बिक्री शुल्क असुलउपर गर्न चालु आ.व. २०७६/०७७ का लागि ठेक्काद्वारा गराउन यस कार्यालयको निर्णय अनुसार यो सूचना दोश्रो पटक प्रकाशित गरिएको छ । कानुनी प्रक्रिया पुरा गरेका ईच्छुक (मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, फर्म नविकरण प्रमाण पत्र, आ व ०७५।०७६ को आयकर चुक्ता प्रमाण पत्र भएका) फर्म/कम्पनीले तोकिएको न्यूनतम अंकमा नघट्ने गरी बोलपत्र खरिद पेश गर्न ५ नं प्रदेश नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ बमोजिम यो सूचना दोश्रो पटक प्रकाशित गरिएको छ ।

तपसिल

| ठेक्का नं | खोला नदी | क्षेत्र | उत्खनन् परिमाण (घ.मि) | इष्टिमेट रकम रु (मु.अ.कर बाहेक) | बोलपत्र/दरभाउ पत्र दस्तुर | बिड सेकुरिटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 01/SRM/Agg/076/077 | राप्ती नदी | द्वारगौडा बगर (क) | ६३६४ | ६७३७०९.९४ | १०००/ | कबोल रकमको ५% | |
| 02/SRM/Agg/076/077 | राप्ती नदी | द्वारगौडा बगर (ख) | ४७७३ | ५०५२८२.४६ | १०००/ | कबोल रकमको ५% | |
| 03/SRM/Agg/076/077 | राप्ती नदी | सुनघाट बगर | ७२९३ | ७७२०५६.३५ | १०००/ | कबोल रकमको ५% | |
| 04/SRM/Agg/076/077 | राप्ती नदी | ददेरी बगर (क) | ६५७० | ६९५५१७.६५ | १०००/ | कबोल रकमको ५% | |

नोट: ढुंगा, गिट्टी वालुवा आन्तरिक ठेक्कामा प्रस्तावित न्यूनतम् करको दर प्रति क्यु.मि रु.१०५।८६३

शर्तहरु

१) बोलपत्र खरिद गर्न इच्छुक बोलपत्र दाताले मु.अ. कर दर्ता प्रमाण पत्र, आ.व. २०७६।०७७ सम्मको फर्म नविकरण, आ.व. २०७५।०७६ को आयकर चुक्ता प्रमाण पत्र पेश गरि सूचना प्रकाशित भएको मितिले ८ औ दिन सम्म कार्यालय समय भित्र यसै कार्यालयबाट खरिद गरि ९ औ दिनको १२:०० बजे सम्म शिलवन्दी बोलपत्र दाखिला गरि सक्नु पर्ने छ र बोलपत्र ९ औ दिनको २:०० बजे उपस्थित प्रनिधिको रोहबरमा यसै कार्यालयमा खोलिने छ ।

२) बोलपत्र फारम साथ धरौटी वापत कबोल अङ्कको ५ पाँच प्रतिशतले हुने जमानतको रकम यस कार्यालयको प्राइम कमर्सियल बैङ्कमा रहेको खाता न. ०६८०००१५CA मा रकम जम्मा गरेको सक्कल भौचर वा सुचना जारी भएको मितिले कम्तीमा ९५ दिन म्याद भएको यस कार्यालयको नाममा जारि भएको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त क वर्गको बाणिज्य बैङ्कको ग्यारेन्टि पेश गर्नु पर्नेछ ।

३) बोलपत्र फारम खरिद एव दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सो दिनको पछि कार्यालय खुलेको दिनलाइ क्रमश अन्तिम दिन मानिने छ ।

४) प्राप्त हुन आएका बोलपत्र दर्ता गर्ने म्याद सकिएको दिन प्रस्ताव दर्ताहरु वा निजका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । प्रस्ताव खोल्ने समयमा प्रस्ताव दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

५) नेपाल सरकारको प्रचलित कानुन बमोजिम लाग्ने आय कर, मूल्य अभिवृद्धिकर तथा शुल्कहरु प्रस्तावक स्वयले तिर्नु पर्ने छ । कार्यालयमा बुझाउनु पर्ने सम्पुर्ण रकम र कर समेत बुझाइ सकेपछि मात्र धरौटी रकम फिर्ता हुने छ ।

६) आ व ०७६।०७७ को लागि कर सङ्कलन मिति सम्झौतामा उल्लेख भए बमोजिम हुने छ ।

७) कुल कबोल अङ्को एकमुष्ट रकम सम्झौताको समयमा नै अग्रिम बुझाउन सकिनेछ र बोलपत्र दाताले निवेदनमा कुल कबोल अङ्कको रकम एकमुस्ट बुझाउन नसक्ने जानकारी गराएमा कुल कबोल अङ्कको रकमलाइ दुइ किस्ता रकम गरिने छ । पहिलो किस्ता बापत कुल अङ्कको ५० प्रतिशतले हुने रकम सम्झौता अगावै बुझाउनु पर्ने छ ।

८) प्रथम किस्ता बुझाएपछि हुन आउने बाकी रकमको २०७७ असार मसान्त सम्म म्याद भएको र नेपाल राष्ट्र बैङ्क बाट मान्यता प्राप्त क वर्गको बाणिज्य बैङ्कको कार्य सम्पादन ग्यारेण्टी परफरमेन्स वण्ड पेश गर्नु पर्ने छ ।

अमरबहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

# सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बड्डाँडा, प्यूठान
## ५ नं. प्रदेश, नेपाल

९) बोलपत्र स्विकृत भइ सम्झौता भए पस्चात कुनै किसिमको छुट, मिनाहा वा माँग दिइने छैन ।

१०) बोलपत्र स्विकृत गर्ने आशयको सुचना प्रकाशित भए पस्चात निर्धारित समय भित्र कार्यालयमा सम्झौता गरिसक्नु पर्ने छ । तोकीएको समय भित्र सम्झौता गर्न नआएमा बोलपत्रदाताले राखेको धरौटी जफत हुने छ ।

११) बोलपत्रदाताले खामको बाहिर पट्टी ठेक्काको नाम र सरुमारानी गाउँपालिका कार्यालय बड्डाँडा भनि प्रष्ट बुझिने गरि लेख्नु पर्ने छ र बोलपत्र फारममा अङ्क र अक्षरमा केरमेट नगरी स्पष्ट सग लेख्नु पर्ने छ अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकालाइ मान्यता दिइने छ ।

१२) यस गाउँपालिकाको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको फारमलाइ मान्यता दिइने छैन ।

१३) म्याद नाघी वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१४) यस सुचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।

१५) विशेष अवस्थामा सुचनामा उल्लेखित शर्त र समय हेरफेर गर्न र बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस गाउँपालिकामा निहित रहने छ ।

१६) यस सम्बन्धी विस्तृत जानकारी सरुमारानी गाउँपालिकाको कार्यालय, बड्डाँडा, प्यूठानबाट प्राप्त गर्न सकिने छ ।

०७६/११/०५

..................

(अमर बहादुर कार्की)

प्रमुख प्रशासकीय अधिकृत